नेपाल नागरिक उड्डयन प्राधिकरण
पोखरा नागरिक उड्डयन कार्यालय
फोन नं.: ४६३०३८
फ्याक्स: ४६५७२५

पत्र संख्या: ०७७/७८
चलानी नं.: ३३२

मिति: २०७८/०१/१६

श्रीमान् उप-महानिर्देशक ज्यू,
ए.एन.एस. निर्देशनालय,
नेपाल नागरिक उड्डयन प्राधिकरण,
प्रधान कार्यालय, बबरमहल काठमाण्डौ ।

**विषय : विमानस्थल संचालनको लागि आवश्यक व्यवस्था सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोभिड १९ संक्रमण नयाँ भेरियन्ट तिव्र गतिमा फैलिएको अवस्थामा विमानस्थल संचालन नेपाल सरकार, नेपाल नागरिक उड्डयन प्राधिकरण तथा स्थानिय प्रशासन समेत बाट जारी निर्देशन एंव SOP बमोजिमका मापदण्ड देहाय बमोजिम गरिएको व्यहोरा सादर अनुरोध छ ।

१. टर्मिनल बाहिर :

- यात्रुको लागि सूचना बोर्ड/सांकेतिक line हरु राखिएको ।
- अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने/गराउने गरिएको
- हात धुने स्थान (खुट्टाले थिची साबुन पानीको व्यवस्था गरिएको)
- स्वास्थ्यकर्मी बाट यात्रु तथा कर्मचारीहरुको ज्वरो तथा लक्षण परिक्षण गर्ने गरिएको

२. टर्मिनल भित्र :

- सामाजिक दुरी कायम हुने गरी लाईन मार्किङ गरिएको ।
- सुरक्षाकर्मीलाई PPE, Mask, Sanitizer, Gloves, boot, face-shield लगायत logistic को पूर्ण व्यवस्था गरिएको
- यात्रुको सीटको वैकल्पिक दुरी व्यवस्था गरिएको ।
- एयरलाईन्स काउन्टरहरुमा पारदर्शी सिसा राखिएको ।
- यात्रु तथा सुरक्षाकर्मीको लागि सेनिटाईजर नियमित प्रयोग गर्ने व्यवस्था मिलाईएको ।

**कर्मचारीको व्यवस्थापन**

३. Tower को ड्युटीमा रहने कर्मचारीहरुलाई ग्रुप बिभाजन गरी आवश्यकता अनुरुप Stand by duty राखी संक्रमण जोखिम कम हुने व्यवस्था मिलाईएको ।

४. Fire शाखाको ड्युटीमा रहने कर्मचारीहरुलाई ग्रुप बिभाजन गरी एक अर्को ग्रुपमा सम्पर्क नहुने व्यवस्था मिलाईएको ।

५. सरसफाई लगायतका कर्मचारीहरुलाई स्वास्थ्य मापदण्ड सम्बन्धि Orientation संचालन गरी ड्युटी एरिया छुट्याई सिफ्ट डियूटीको व्यवस्था मिलाईएको ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
पोखरा नागरिक उड्डयन कार्यालय

फोन नं.: ४६३०३८
फ्याक्सः ४६५७२५

पत्र संख्याः ०७७/७८
चलानी नं.: ३३२

**समन्वय तथा सहकार्य**

६. विमानस्थल भित्रका सुरक्षकर्मी, वायुसेवा कम्पनी तथा अन्य Tenants सँग पूर्ण समन्वय तथा सहकार्य गरिएको ।

७. जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरि कार्यालय, जिल्ला अस्पताल तथा महानगरपालिका सँग पूर्ण समन्वय भई स्वास्थ्य कर्मीको व्यवस्था र DCMC सँग निकट समन्वय रहने सहमती गरिएको ।

८. विमानस्थल कोभिड व्यवस्थापन अनुगमन समितीको बैठक नियमित बसी निर्णय भए बमोजिम कार्यान्वयन तथा अनुगमन भईरहेको ।

कार्यालय संचालन तथा वायुसेवा संचालन तथा अन्य व्यवस्था सम्बन्धी प्रधान कार्यालयबाट समय समयमा पठाइएका SOP तथा विधिहरुलाई पूर्ण रुपमा पालना गरि विमानस्थल संचालन गरिएको व्यहोरा अनुरोध छ ।

विक्रम राज गौतम
विमानस्थल प्रमुख

**सादर अवगतार्थः**
श्रीमान् महानिर्देशक ज्यू,
नेपाल नागरिक उड्डयन प्राधिकरण,
प्रधान कार्यालय, बबरमहल काठमाडौं ।